नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मन्थली, रामेछाप

(.....................................................फाँट)

☎ ०४८-५४०३३३
०४८-५४००६८
०४८-५४०१३३
फ्याक्स नं.०४८-५४०१००

पत्र संख्याः-
चलानी नं.:- ३८८२

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रामेछाप

मितिः २०७७/०२/२०

विषयः निर्माण सामाग्री ढुवानी सहजिकरणको निरन्तरता सम्बन्धमा ।

श्री जो जस सँग सम्बन्ध राख्दछ ।

प्रस्तुत सन्दर्भमा विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को सन्दर्भमा नेपाल सरकारद्वारा घोषणा भएको बन्दाबन्दी (Lockdown) को अवधिमा सवारी आवतजावतमा रोक लगाइएकोमा विभिन्न मन्त्रालय, निकाय एवं कार्यालयहरुको सिफारिसमा तत्त निकायद्वारा संचालित विकास निर्माण सम्बन्धि कार्यलाई अगाडी बढाउन निर्माण सामाग्री ढुवानीको लागि विभिन्न ट्रक, ट्रिपर, ट्रयाक्टर आदिलाई सहजिकरण गरिएको व्यहोरा विदितै छ ।

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७ जेष्ठ १७ गतेको निर्णानुसार जारी बन्दाबन्दी (Lockdown) लाई पुनः मिति २०७७ जेष्ठ ३२ गतेसम्म निरन्तरता दिईएको सन्दर्भमा यस कार्यालयद्वारा मिति २०७७/०२/०५ देखि २०७७/०२/२० गते सम्म निर्माण सामाग्री ढुवानीको लागि सहजिकरण गरिएका ट्रक, ट्रिपर, ट्रयाक्टर (यात्रु बोक्ने सवारी साधन बाहेक) हरुको सहजिकरणलाई देहायको शर्तहरु पालना गर्ने/गराउने गरी मिति २०७७/०२/३२ गते सम्मका लागि निरन्तरता दिईएको व्यहोरा सम्बन्धित सबैको लागि आदेशानुसार जानकारी गराइन्छ ।

<u>पालना गर्नु पर्ने शर्तहरुः</u>

१. नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा तोकिएका स्वास्थ्य सम्बन्धि मापदण्डहरु (Protocal) को पूर्ण पालना गर्नु पर्नेछ ।
२. उल्लेखित सवारी साधनमा निर्माण सामाग्री बाहेक अन्य केहि पनि ढुवानी/ओसार पसार गर्न पाईने छैन ।
३. उल्लेखित सवारी साधनमा चालक र सह-चालक बाहेक अरु व्यक्तिहरु ओसारपसार गर्न पाईने छैन।
४. यस पूर्व सहजिकरण गरिएको पत्रमा ट्रक, ट्रिपर, टयाक्टर बाहेक यात्रु बोक्ने सवारी साधन मध्ये १ (एक) मोटरसाईकल १ (एक) वटा चारपाङ्ग्रे सवारी साधनको पासलाई समेत निरन्तरता दिईएको छ ।
५. निर्माण सामाग्री ढुवानी बाहेक अन्य प्रयोजनको लागि उल्लेखित सवारी साधन प्रयोग गरेको पाईएमा कानुन बमोजिम कारवाहि गरिनेछ ।

.....................
राजु प्रसाद पौडेल
सहायक प्रमुख जिल्ला अधिकारी

राजु प्रसाद पौडेल
स.प्र.जि.अ.

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मन्थली, रामेछाप
(....................................................फाँट)
☎ ०४८-५४०३३३
०४८-५४००६८
०४८-५४०१३३
फ्याक्स नं.०४८-५४०१००

प्रत्र संख्याः-
चलानी नं.:- ३४८४

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रामेछाप

मितिः २०७७/०२/२०

विषयः खाद्यान्न र हार्डवेयर सामाग्री ढुवानी सहजिकरणको निरन्तरता सम्बन्धमा ।

श्री जो जस सँग सम्बन्ध राख्दछ ।

प्रस्तुत सन्दर्भमा विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को सन्दर्भमा नेपाल सरकारद्वारा घोषणा भएको बन्दाबन्दी (Lockdown) को अवधिमा सवारी आवतजावतमा रोक लगाएको अवस्थामा यस जिल्लालाई आवश्यक पर्ने खाद्यान्न र हार्डवेयर सामाग्री ढुवानीको लागि यस कार्यालयबाट विभिन्न सवारी साधनहरुलाई पटक पटक सहजिकरण गरिएको व्यहोरा विदितै छ ।

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०२/१७ गतेको निणर्यानुसार जारी बन्दाबन्दी (Lockdown) लाई पुनः मिति २०७७ जेष्ठ ३२ गतेसम्म निरन्तरता दिईएको हुँदा खाद्यान्न र हार्डवेयर सामान ढुवानी लागि यस कार्यालयबाट मिति २०७७/०२/०५ देखि २०७७/०२/२० गते सम्म सहजिकरण गरिएका खाद्यान्न र हार्डवेयरको सामान ढुवानी गर्ने सवारी साधनहरुलाई देहायका शर्तहरु पालना गर्ने/गराउने गरी मिति २०७७/०२/३२ गते सम्मको लागि निरन्तरता दिईएको व्यहोरा सम्बन्धित सबैको लागि आदेशानुसार जानकारी गराइन्छ ।

पालना गर्नु पर्ने शर्तहरुः

१. नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा तोकिएका स्वास्थ्य सम्बन्धि मापदण्डहरु (Protocal) को पूर्ण पालना गर्नु पर्नेछ ।
२. उल्लेखित सवारी साधनमा खाद्यान्न र हार्डवयर सामाग्री बहेक अरु केहि पनि ओसार पसार गर्न पाईने छैन ।
३. उल्लेखित सवारी साधनमा चालक र सह-चालक बाहेक अरु व्यक्तिहरुले आवतजावत गर्न पाइने छैन ।
४. खाद्यान्न र हार्डवयर सामाग्री ढुवानी बाहेक उल्लेखित सवारी साधनहरुलाई अन्य प्रयोजनको लागि दुरुपयोग गरेको पाईएमा कानुन बमोजिम कारवाहि गरिनेछ ।

.............................
राजु प्रसाद पौडेल
सहायक प्रमुख जिल्ला अधिकारी

राजु प्रसाद पौडेल
स.प्र.जि.अ.